# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर
स्थापना:२०७३

कोशी प्रदेश, नेपाल

(कार्यपालिका बैठक)

---

बैठक सुरू समयः दिनको २:०० बजे — बैठक संख्या:१६

बैठकको अध्यक्षताः बृज हाङ आङ्देम्बे — मिति:२०८३।०३।२१

उपस्थितिः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बृज हाङ आङ्देम्बे | अध्यक्ष | |
| २ | श्री ठाकुर सि. नेम्बाङ | उपाध्यक्ष | |
| ३ | श्री होम प्रसाद आङ्देम्बे | १ नं. वडाध्यक्ष | |
| ४ | श्री सन्तोष कुमार नेम्बाङ | २ नं. वडाध्यक्ष | |
| ५ | श्री धन कुमार तामाङ | ३ नं. का.वा.वडाध्यक्ष | |
| ६ | श्री दल बहादुर नेम्बाङ | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री विष्णु कुमार चेम्जोङ | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री नारायण प्रसाद आङ्देम्बे | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री देउ कुमार आङ्देम्बे | ७ नं. वडाध्यक्ष | |
| १० | श्री बिमला लिम्बु | सदस्य | |
| ११ | श्री आइतिमाया लिम्बु | सदस्य | |
| १२ | श्री कमला पराजुली दुलाल | सदस्य | |
| १३ | श्री हर्कमाया नेपाली | सदस्य | |
| १४ | श्री टंक परियार | सदस्य | |
| १५ | श्री जसिमाया कमिनी | सदस्य | |
| १६ | श्री देवी तुम्बापो (प्र.प्र.अ.) | सदस्य सचिव | |

# फाल्गुनन्द गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## फाक्तेप, पाँचथर

स्थापना: २०७३

कोशी प्रदेश, नेपाल

(कार्यपालिका बैठक)


**फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८३।०३।२१ गते बसेको १६ औं बैठकका निर्णयहरू:**

| निर्णय नं. | निर्णयको व्यहोरा | सम्बन्धित शाखा/वडा | अन्य |
|---|---|---|---|
| १ | आ.व.२०८२।०८३ मा गाउँपालिकाबाट स्वीकृत कार्यक्रम बमोजिम स्वीकृत गुरू योजनाको आधारित शैक्षिक पूर्वाधार निर्माण अन्तर्गत निर्माणाधीन श्री सिद्देश्वरी माध्यमिक विद्यालयको भवन निर्माण कार्य (PRMW/NCB/05/2082/083) नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय मानव श्रोत विकास केन्द्रको डिजाईन बमोजिम योजनाको जम्मा ठेक्का रकम रू.६५,६७,८३०।०४ (मु.अ.कर सहित) सम्झौता भएकोमा केहि थप गर्नु भएकोले पूर्वाधार विकास शाखाको राय परामर्श र सिफारीस बमोजिम रू.२,३५,६२३.११ (मु.अ.कर सहित) थप भेरिएशन अर्डर स्वीकृत गरि योजना सम्पन्न गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो। | पूर्वाधार विकास शाखा | पूर्वाधार विकास शाखाको विस्तृत राय परामर्श र सिफारीस संलग्न। |
| २ | आ.व.२०८२।०८३ मा गाउँपालिकाबाट स्वीकृत कार्यक्रम बमोजिम संघीय सरकारको सशर्त कार्यक्रम अन्तर्गत खोप टोल बस्ती विकासर कार्यक्रम (PRMW/NCB/09/2082/083) योजना ठेक्का रकम रू.१९,५७,००७।७१(मु.अ.कर सहित) ठेक्का सम्झौता भएकोमा उक्त स्थानमा प्राकृतिक प्रकोपका कारण वस्ती नै धरापमा पर्न सक्ने देखिएकोले सार्वजनिक खरिदऐन, २०६३ को दफा ५४ र नियमावली, २०६४ को नियम ११८ बमोजिम पूर्वाधार विकास शाखाको राय परामर्श र सिफारीस बमोजिम रू.८८,८४७.८७ (मु.अ.करसहित) भेरिएशन अर्डर स्वीकृत गरि योजना सम्पन्न गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो। | | |
| ३ | आ.व.२०८२।०८३ मा गाउँपालिकाबाट स्वीकृत कार्यक्रम बमोजिम प्रदेश सरकार र स्थानीय तहको समपुरक कार्यक्रम अन्तर्गत | पूर्वाधार विकास शाखा | पूर्वाधार विकास |

फाल्गुनन्द गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## फाक्तेप, पाँचथर

स्थापना:२०७३

कोशी प्रदेश, नेपाल

(कार्यपालिका बैठक)

| | | |
|---|---|---|
| गाउँपालिका स्तरको भवन निर्माण (PRMW/NCB/01/2082/083) योजना ठेक्का रकम रू.८३,५१,४००।७९(मु.अ.कर सहित) ठेक्का सम्झौता भई निर्माणाधीन अवस्थामा रहेकोमा उक्त भवनको भित्ता पटि पहिरो जान सक्ने देखिएकोले भित्तापटि वाल निर्माणका लागी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र नियमावली, २०६४ को नियम ११८ बमोजिम पूर्वाधार विकास शाखाको राय परामर्श र सिफारीस बमोजिम रू.१,९९,७०३.५२ (मु.अ.करसहित) भेरिएशन अर्डर स्वीकृत गरि योजना सम्पन्न गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो | | शाखाको विस्तृत राय परामर्श र सिफारीस संलग्न। |
| आ.व.२०८२।०८३ मा गाउँपालिकाबाट स्वीकृत कार्यक्रम बमोजिम प्रदेश सरकार र स्थानीय तहको समपुरक कार्यक्रम अन्तर्गत गाउँपालिका स्तरको भवन निर्माण (PRMW/NCB/01/2082/083) योजना ठेक्का रकम रू.८३,५१,४००।७९(मु.अ.कर सहित) ठेक्का सम्झौता भई निर्माणाधीन अवस्थामा रहेकोमा उक्त भवनको मध्य पूर्वको युद्दका कारण मूल्य वृद्दि र प्राकृतिक प्रकोपका कारण सम्झौता अवधि भित्र निर्माण हुन नसक्ने देखिएकोले सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० को उपनियम १ र २ बमोजिम थप आर्थिक व्यभार नपर्ने गरी म्याद थप गर्ने निर्णय गरियो। | पूर्वाधार विकास शाखा | पूर्वाधार विकास शाखाको विस्तृत राय परामर्श र सिफारीस संलग्न। |
| आ.व.२०८२।०८३ मा गाउँपालिकाबाट स्वीकृत कार्यक्रम बमोजिम प्रशासकिय भवनको मर्मत तथा ईन्टेरियर कार्य (PRMW/NCB/08/2082/083) मध्य पूर्वको युद्दका कारण मूल्य वृद्दि र प्राकृतिक प्रकोपका कारण सम्झौता अवधि भित्र निर्माण हुन नसक्ने देखिएकोले सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० को उपनियम १ र २ बमोजिम थप आर्थिक व्यभार नपर्ने गरी म्याद थप गर्ने निर्णय गरियो। | पूर्वाधार विकास शाखा | पूर्वाधार विकास शाखाको विस्तृत राय परामर्श र सिफारीस संलग्न। |

# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर
**स्थापना:२०७३**

कोशी प्रदेश, नेपाल

**(कार्यपालिका बैठक)**

| | | | |
|---|---|---|---|
| ६ | फाल्गुनन्द गाउँपालिकाको सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधी,२०८३ स्वीकृत गरि कार्यन्वयन गर्ने निर्णय गरियो । | सामी कार्यक्रम शाखा | |
| ७ | मिति २०८३।०४।०१ गतेबाट फाल्गुनन्द गाउँपालिकाको मुख्य मुख्य सडक (गुम्बाडांडा-पात्लेभन्ज्याङ, मायालुमोड-घुर्बिसे पञ्चमी, उत्तरे-मेहेलबोटे, पुरानो पञ्चमि-बरडांडा, गेलिभन्ज्याङ कृषी सडक) बाहेकका अन्य सडक थप निर्णय नभएसम्मका लागी अस्थायी रूपमा गोलिया ओसारपसार र अन्य कार्यका लागी ट्याक्टर र ठुल-ठुला ट्रक सञ्चालनमा रोक लगाउने तर निर्माण व्यवसायीलाई निर्माण सामाग्री ढुवानीका लागी खुला गर्ने निर्णय गरियो । निर्णयको उल्लघंन गरेको खण्डमा नियमानुसार कारवाही गरिने निर्णय गरियो । | सामान्य प्रशासन शाखा | |
| ८ | फाल्गुनन्द गाउँपालिकाका विभिन्न स्थानमा मा अव्यवस्थित रूपमा राखिएका गोलिया तत्काल हटाउन गोलिया व्यवसायिलाई अनुरोध गर्ने निर्णय गरियो । | सामान्य प्रशासन शाखा | |
| ९ | १५ शैयाको आधारभुत अस्पताल सञ्चालनका लागी संघीय सरकारबाट प्राप्त रकमबाट एक्सरे मेशिन खरिद गरि सञ्चालन गर्ने निर्णय गरियो । | स्वास्थ्य सेवा शाखा | |
| १० | फाल्गुनन्द आधारभुत अस्पतालमा करार सेवामा कार्यरत मेडिकल अधिकृत डा.उपेन्द्र पोखरेललाई करार सम्झौता बमोजिम निजको पारिश्रमिकमा शतप्रतिशत प्रोत्साहन प्रदान गर्ने निर्णय गरियो । साथै प्रोत्साहन रकम अस्पताल सञ्चालन खर्च शिर्षकबाट व्यहोर्ने निर्णय गरियो । | स्वास्थ्य सेवा शाखा | |
| ११ | फाल्गुनन्द गाउँपालिकाको आ.व.२०८२।०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत अनुदानमा मिनिटिलर वितरण कार्यक्रम अन्तरगत यस गाउँपालिकाबाट कृषक छनौट गर्दा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्य संस्थाबाट हाल सम्म अनुदान नलिएका कृषक, कृषक समुह तथा सहाकारीलाई छनौट गर्ने निर्णय गरियो । | कृषी विकास शाखा | |

फाल्गुनन्द गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फाक्तेप, पाँचथर
स्थापना:२०७३
कोशी प्रदेश, नेपाल
(कार्यपालिका बैठक)

| | | | |
|---|---|---|---|
| | आर्थिक सहायता सम्बन्धमा:<br>जित बहादुर तामाङ वडा नं.१ रू.१०,०००।–<br>बम प्रसाद चेम्जोङ वडा नं. १ रू.१०,०००।–<br>नयन्द्र कुमार नेम्बाङ वडा नं. रू.१०,०००।–<br>लक्षमण नेपाली वडा नं.१ रू. १०,०००।–<br>गोपी विश्वकर्मा वडा नं.३ रू. १०,०००।–<br>दुर्गा श्रेष्ठ वडा नं.३ रू.१०,०००।- | स्वास्थ्य सेवा शाखा | |
| | याक्थुङ चलचित्रकर्मी संघ, नेपाल लाई विभिन्न कार्यक्रमका लागी रू.२०,०००।– सहयोग प्रदान गर्ने निर्णय गरियो। | सामान्य प्रशासन शाखा | |
| | अनिवार्य तथा निशुल्क शिक्षा कार्यन्वयन कार्ययोजना बमोजिम फाल्गुनन्द गाउँपालिका पाँचथरलाई विद्यालय भर्ना सुनिश्चित स्थानीय तह घोषणा गर्नका लागी आवश्यक सम्पूर्ण प्रकृया सम्पन्न भएकोले सम्बन्धित निकायमा घोषणा का लागी मागसहित लेखि पठाउन शिक्षा, युवा तथा खेलकुद शाखालाई अनुमती प्रदान गर्ने निर्णय गरियो। | शिक्षा, युवा तथा खेलकुद शाखा | |

Email:ito.phalgunandamun@gmail.com